# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

## राजदरबारको

## विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट २०३६ साल जेष्ठ १० गते विहीबार राष्ट्रको नाममा बक्सेको शाही घोषणामा देशवासीहरूले के कस्तो परिवर्तनको चाहना गरेका छन् सो कुरा स्पष्ट बुझी उचित कदम चाल्नको लागि नेपाल अधिराज्यभर बालिग मताधिकारका आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने र त्यस्तो जनमत लिइंदा सम्पूर्ण रूपमा स्वतन्त्र, निष र धाँधली हुन नसक्ने व्यवस्था होस् भन्ने मनसुवा राखिबक्सेकोले मौसूफबाट सो प्रयोजनका निमित्त नेपालको संविधानको भाग ३ को धारा ११ को उप-धारा (२क) र धारा ७१ तथा सो अनुकूलको नेपाल कानूनमा जेसुकै कुरा लेखिएको भए तापनि राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघ र संस्थान खोल्न, खोलाउन वा चलाउन नपाइने बन्देज कायमै राखी शाही घोषणा अनुसार राष्ट्रिय जनमत लिइंदा दुइ मूलभूत प्रश्नहरूमध्ये कुन चाहिं रोज्ने र त्यसको पक्ष वा विपक्षमा आफूलाई लागेको कुरा निर्धक्क र स्वतन्त्र रूपमा आ-आफ्नो मत वा कुरा संयमपूर्वक अभिव्यक्त गर्न गराउन वा आमसभा, बैठक, लेख, टीका-टिप्पणी, आलोचना, समालोचना, लेख्न वा प्रचार गर्न समेत उक्त सबै कुरा यसै विज्ञप्तिद्वारा सम्पूर्ण नेपालीलाई पूर्ण छूट प्रदान गरिबक्सेको छ।

तर, उपर्युक्त छूट बाहेक जनमत अभिव्यक्त गर्ने स्वतन्त्रताको नाममा कसैले पनि विध्वंसात्मक कार्य गर्ने, गाली बेइज्जती गर्ने, आगो लगाउने, लुटमार गर्ने वा अन्य गैरकानूनी कार्य गरी देशको अमन चयनमा बाधा वा खलल पार्ने कार्य वा संविधान र सोअन्तर्गतका नेपाल कानून अनुसार अपराध ठहर्ने कार्य गर्न पाउने छैन।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

१४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।